# संविधानसभा : हातेपुस्तिका

२०६३ साल वैशाख महिनामा सम्पन्न ऐतिहासिक जनआन्दोलनको सफलतास्वरूप प्राप्त भएको संविधानसभाबाट नेपालको परम्परागत तथा केन्द्रीकृत राज्यसंरचनाको अन्त्य गर्दै लोकतान्त्रिक, समावेशी र शान्तिपूर्ण समाजको निर्माण गर्ने अवसर प्राप्त भएको छ । जनताको सहभागितामा लेखिने भोलीको नयाँ संविधानबाट दिगो शान्तिसहितको समृद्ध मुलुक निर्माण गर्ने आमनागरिकको चाहना पुरा हुन सक्ने अपेक्षा गर्न सकिन्छ ।

तर, संविधानसभाको प्रक्रियामार्फत् नयाँ संविधानको निर्माण गर्ने कार्य नेपालका लागि चुनौतीपूर्ण हुने कुरामा शङ्का छैन । शताब्दिऔंदेखि जरा गाडेर बसेको परम्परागत राजनीतिक तथा सामाजिक संरचना र यसले निर्देशित गरेका मूल्यमान्यतालाई एकैचोटी अन्त्य गर्ने कार्य आफैँमा जटिल हुन्छ । त्यसमाथि संविधानसभा प्रक्रियाप्रधान विषय भएकाले यसका विभिन्न चरण र स्तरमा जनसहभागिता सुनिश्चित गर्ने कार्य नेपालका लागि थप चूनौतिको विषय बन्न सक्छ । यस्ता चुनौतीहरूलाई बेलैमा महसुस गर्दै संविधानसभाको समग्र प्रक्रियामा आमनागरिकको सार्थक र सकारात्मक सहभागिता सुनिश्चित गरिएमा मात्र संविधानसभाले अपेक्षित परिणाम दिन सक्छ ।

संविधानसभामा आमनागरिकको सार्थक र सकारात्मक सहभागिताका लागि नागरिक शिक्षाको अहं भूमिका रहेको हुन्छ । यसै आवश्यकतालाई मध्यनजर गर्दै संविधानसभाका विषयमा नागरिक शिक्षा प्रवर्धन गर्ने उद्देश्यले यो हातेपुस्तिका प्रकाशन गरिएको छ । प्रस्तुत पुस्तिकाले राजनीतिक कार्यकर्ता तथा आमनागरिकलाई संविधानसभासँग गाँसिएका विभिन्न सैद्धान्तिक तथा व्यावहारिक विषयहरूमा आवश्यक जानकारी प्रदान गर्नेछ।